नेपाल सरकार

सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

# सवारी साधन खरिद कार्यको लागि बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७३।१०।२८ गते**

यस मन्त्रालयको लागि तपशिल बमोजिमका सवारी साधनहरु बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने भएको हुंदा नेपाल सरकारबाट इजाजत (मान्यता) प्राप्त उत्पादक/कम्पनी/अधिकृत बिक्रेताबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक बोलपत्र आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैलाइ जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै यस मन्त्रालयको Web Site: ***www.moga.gov.np*** मा पनि हेर्न सकिनेछ ।

१) बोलपत्र फाराम खरिद गर्न चालु आ.व. का लागि नवीकरण भएको ईजाजतपत्र, आयकर, दर्ता र मु.अ.कर दर्ता र आ.व. २०७२/०७३ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक बोलपत्रदाताले २०७३।११।३० गते सम्म यस मन्त्रालयबाट खरिद गर्न सकिनेछ ।

२) खरिद भएका बोलपत्र २०७३।१२।०१ गते दिनको १२:०० बजे भित्र शिलबन्दी लाहाछाप गरी खाममा बिवरण प्रष्ट खुलाई यस मन्त्रालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिहरु र मन्त्रालय प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३) बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगत्तै मन्त्रालय खुलेको दिन सोही समयानुसार हुनेछ

४) बोलपत्र साथ जमानत बापतको बोल कबोल अंकको २.५ प्रतिशतले हुन आउने रकम एभरेष्ट बैंक लि.सिंहदरबार स्थित धरौटी खाता नं.ख ३ - १३५००१ (यस मन्त्रालयको कोड नं. २७३५६०१) मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको यस मन्त्रालयको नाममा जारी गरिएको Bid Bond (बोलपत्र पेश गरेको अन्तिम मितिबाट १२० दिन मान्य भएको) पेश गर्नुपर्नेछ ।

५) म्याद नाघी आएको, रीत नपुगेको र शर्त राखीएको बोलपत्र उपर कारवाही हुने छैन ।

६) बोलपत्रदाताबाट बोलपत्रमा उल्लेखित मूल्य अभिवृद्धि कर बाहेकको रकम उल्लेख गर्नु पर्नेछ । सो दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

७) यस मन्त्रालको हितलाइ ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने वा रद्ध गर्ने सम्पुर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहने छ ।

८) बोलपत्र स्वीकृत भएपछी कबुल ठेक्का अंकको ५ प्रतिशतले हुन आउने रकम बराबरको नगद जम्मा गरेको सक्कलै बैक भौचर वा कम्तीमा एक वर्ष म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस मन्त्रालयको नाममा जारी गरिएको कार्य जमानतपत्र (परफरमेन्स बण्ड) सम्झौता गर्नु अघि पेश गर्नु पर्नेछ ।

९) बोलपत्र सम्बन्धि कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस मन्त्रालयमा सम्पर्क राख्न सकिनेछ ।

१०) बिधुतिय माध्यमबाट बोलपत्रमा सहभागी हुन https://www.bolpatra.gov.np मा Login गरी प्राप्त निर्देशन अनुसार बोलपत्रमा भाग लिन सक्नेछन । बोलपत्र फाराम दस्तुर बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, सिंहदरबारको एभरेष्ट बैंक लि.सिंहदरबार स्थित राजस्व खाता नं. ५२०१२६५ (राजश्व शिर्षक नं. १४२२७ र यस मन्त्रालयको कोड नं.२७३५६०१) मा नगदै जम्मा गरेको भौचरको Scanned Copy बोलपत्रसाथ Upload गर्नुपर्नेछ र सोको सक्कल प्रति Complete Bidding Document को Hard Copy बोलपत्र खोलेको मितिले ७ (सात) दिन भित्र यस मन्त्रालयमा पेश गरि सक्नु पर्नेछ ।

११) यस सुचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१२) बोलपत्रको कामको विवरण निम्न अनुसारको हुनुपर्नेछ ।

| Contract identification No. | Description | Quantity | estimate(NRs) VAT Exclusive | Minimum Bid Security Amount | Cost For Bid Document |
|---|---|---|---|---|---|
| MoGA/G/NCB/2073-74/P1 | Supply of Vehicles | 1 | 4336283.19 | Rs. 125000.00 | Rs 3000/- |
| MoGA/G/NCB/2073-74/P2 | Supply of Vehicles | 1 | 8141592.92 | Rs. 225000.00 | Rs 3000/- |